बैठक संख्या :८१

आज मिति २०७८/०३/०२ गते.........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |
| २५ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |

बैठकका एजेन्डाहरु :

१ गत बैठकहरुको निर्णय समिक्षा सम्बन्धमा ।
२ नवौं नगरसभा सम्पन्न गर्ने सम्बन्धमा ।
३ आगामी आ.व. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम तयार सम्बन्धमा ।
४ आ.व. २०७८/७९ को बजेट सिलिङ्ग तथा मार्गदर्शनलाई अनुमोदन गर्ने सम्बन्धमा ।
५ विभिन्न वडाका योजना संशोधन सम्बन्धमा ।
६ समसामायिक विविध ।

निर्णयहरु

१ कपिलवस्तु नगरपालिकाको मिति २०७८/०२/०६ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन विषयमा समिक्षा गरियो साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।
२ कपिलवस्तु नगरपालिकाको नवौं सभा २०७८ असार १० गते विहिवारका दिन प्रारम्भ गर्ने र सोको जानकारी सबै नगरसभा सदस्यहरुलाई पत्र मार्फत जानकारी गराउने निर्णय गरियो ।
३ आगामी आ.व. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम तत् तत् समितिहरुबाट तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।
४ श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले वडाको लागि तय गरेको बजेट सिलिङ्ग तथा मार्गदर्शनलाई अनुमोदन गर्ने निर्णय गरियो ।
५ विभिन्न वडाहरुबाट निर्णय भइ आएका तपसिलका योजनाहरु आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

(क) वडा नं. २ को योजना संशोधन

| क्र स | योजनाको नाम | रकम रु | परिवर्तन भई हुनु पर्ने |
|---|---|---|---|
| १ | योजना कितावको सि न ५२९ भवन निर्माण जिल्ला लघु उद्यमी महिला संघ | १,५०,००० | लम्तिया घम्मल यादवको घर देखि पश्चिम सडक ग्रावेल तथा पि सि सि |
| २ | योजना कितावको सि न ५३० मन्दिर मर्मत सम्भार कालिमाई मन्दिर कुदान | ५०,००० | दाहसस्कारको लागि दाउरा तथा पटेरा काठ वितरणमा थप । |
| ३ | योजना कितावको सि न ५४४ लम्तिया दुलारे रैदासको घर देखि पश्चिम नालि मर्मत सम्भार | २५,००० | वडा कार्यालयमा नया मोटर जडान तथा खाने पानिको लागि पाईप लाईन व्यवस्थापन । |
| ४ | योजना कितावको सि न ५४५ वर्दहवा गाउको उत्तर कुलोमा सिचाईको लागि फाटक निर्माण | १००,००० | १)सडक वक्ति जडानमा थप रु ५०,००० (रु पचास हजार)<br>२)लम्तिया मदरसाको अगाडी पि सि सि ढलान।रु ५०,०००(रु पचास हजार) |
| ५ | योजना कितावको सि न ५५१ सडक पि सि सि वर्दहवा वैजनाथ वरईको घरदेखि घर देखि पुर्व मुल सडक सम्म | १००,००० | महुवरिया कैलाश पाण्डेयको घरको दक्षिण रहेको नालि निर्माण । |
| ६ | योजना कितावको सि न ४१२ र ४१३ नगरस्तरीय जिल्ला समन्वय समिति बाट प्राप्त सगरमाथा वाल विकास केन्द्र रहमतलहवा वरन्डा निर्माण तथा कोठा रंगरोगन | ३००,००० | रहमतलहवा गाउमा रहेको सगरमाथा वालविकास वन्दै गरेको नया भवनमा अपुग रकम थप । |

(ख) वडा नं. ८ कुँवागाउमा रहेको सडकमा पिसिसि ढलान गर्नको लागि नगरसभाबाट विनियोजित रकम रु. २ लाखको निर्माण कार्यमा विवादको कारण सम्पन्न गर्न नसकिएकोले उक्त रकम सोही गाँउमा रहेको कुँवागाउ बाल विकास केन्द्र निर्माणमा विनियोजन गर्ने निर्णय गरियो ।

६ सशर्त शिक्षा तर्फको बजेटबाट ठेक्का बन्दोवस्त भएको बुद्ध पद्म मा.वि.को चार कोठे भवन निर्माणबाट बचेको रकमबाट सोही विद्यालयको दुई कोठे भवन माथी तल्ला थप्ने काम उपभोक्ता समितिबाट गराउने निर्णय गरियो ।